# रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**स्वास्थ्य शाखा हर्कटे, इलाम १ नं. प्रदेश नेपालको अ.न.मी. करारमा लिने सम्बन्धि ७ (सात) दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०७४/०९/२३**

यस गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखा, हर्कटे अन्तर्गत स्वास्थ्य सेवा सञ्चालनका लागि यस आ.व. २०७४/०७५ को सशर्त अनुदानको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कर्मचारीहरु करार सेवामा राख्नुपर्ने भएकोले योग्यता पुगेका, १८ वर्ष उमेर पूरा भई पुरुष भए ३५ वर्ष र महिला भए ४० वर्ष ननाघेको तथा प्रचलित कानूनद्धारा अयोग्य नभएका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी आएका निवेदनहरु माथि कुनै कारवाही हुने छैन । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | किसिम | पद | माग संख्या | कार्यस्थल | पारिश्रमिक | दरखास्त दस्तुर | नियुक्तिको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१ | खुल्ला | अ.न.मी | ४ | रोङ १,३,५र ६ | १५,०००।०० | ५००।०० | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. उत्तिर्ण भई नेपाल नर्सिङ काउन्सिलमा दर्ता तथा नवीकरण गरेको हुनुपर्नेछ । |

❖ **मूख्य कार्यहरु** : कार्य विवरणमा उल्लेखित एवम् जिल्ला जनस्वास्थ्य कार्यालय, इलाम र रोङ गाउँपालिकाको नियम बमोजिमका कार्यहरु ।

## क. अ.न.मी.को कार्यविवरण :

- गर्भवती जाँच, प्रसूति सेवा, परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन, यौन तथा एच.आइ.भी. एड्स सम्बन्धि कार्यक्रम सञ्चालन ।
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन, आमा समूह बैठक सञ्चालन आदि ।

- *दरखास्त बुझाउने अन्तिम मिति : कार्यालयमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समय भित्र ।*
- *छनौट प्रकृयाः प्राप्त दरखास्तहरु मध्ये शैक्षिक योग्यता, कार्यअनुभव र स्थायी ठेगानाको आधारमा मूल्याङ्कन गरी सूचिकृत गरिनेछ ।*

**पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रतिलिपी ।
- स्थानीय व्यक्तिको हकमा सम्बन्धित वार्ड कार्यालयको सिफारिस पत्र ।
- आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।
- व्यक्तिगत विवरण (CV) .
- अन्य तालिम लिएको भए सो को प्रमाणपत्र ।
- यस अघि कामको अनुभव भए सोलाई पुष्टयाई गर्ने कागजातहरु र कार्यअनुभवको प्रमाणपत्रहरु ।
- दस्तुर बुझाएको रसिद ।

डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत